# त्रिपुरासुन्दरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सल्यानटार, धादिङ

बागमती प्रदेश,नेपाल

### नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा एवं रोडा आदि) को उत्खनन्, संकलन, विक्री तथा वितरण शुल्क बन्दोवस्ती सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३/०५/१७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ खण्ड घ(६) तथा सोही ऐनको दफा ६४ को उपदफा १(च) र यस त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक ऐन एवं स्वीकृत प्रारम्भिक बातावरणीय परिक्षण (IEE) प्रतिवेदन अनुसार आ.व. २०८३/०८४ का लागि यस गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने निम्न घाटहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा एवं रोडा आदि) को उत्खनन्, संकलन, विक्री तथा वितरण शुल्क बन्दोबस्ती ठेक्का (शिलबन्दी बोलपत्र) को माध्यमबाट गर्ने निर्णय भएकाले योग्यता पुगेका ईच्छुक फर्म वा कम्पनीहरूले आवश्यक कागजात सहित तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रहि गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. GA 1.1- 16701400000116 मा बोलपत्र दस्तुर रू ३०००/- (पछि फिर्ता नहुने गरी) छुट्टा छुट्टै दाखिला गरि कबोल अंकको ५% ले हुन आउने रकम गाउँपालिकाको धरौटि खाता नं. GA. 3.1 - 16701400000178 मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (विड वण्ड) संलग्न गरी शिलबन्दी बोलपत्र मिति २०८३/०६/०७ गते दिउसो १२:०० बजे भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपिसल**

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | वार्षिक न्यूनतम बोलपत्र रकम (मु.अ.कर बाहेक) | उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण (घ.मी) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | TRM/RAJASHOW /01/2083/084 | बुटार नाका, (बांगेरह देखि देवीथान सम्म) त्रिपुरासुन्दरी गा.पा.- ०१, बुटार<br>बुढीगण्डकी खोला त्रिपुरासुन्दरी गा.पा.- ०१, बुटार नाका | 23,42,980.38 | 9,477.96 | बोलपत्र दस्तुर रु. ३०००/- का दरले छुट्टा-छुट्टै र कबोल अंकको ५% ले हुने रकम धरौटि अनिवार्य गरिएको छ। |
| 2. | TRM/RAJASHOW /02/2083/084 | पड्केघारी, कास्टे खोला, आरुघाट नाका, त्रिपुरासुन्दरी गा.पा.२<br>कास्टे खोला त्रिपुरासुन्दरी गा.पा. ३ र २, आरुघाट बगर<br>बुढीगण्डकी खोला त्रिपुरासुन्दरी गा.पा.-२, आरुघाट बगर | 31,15,564.893 | 12,603.27 | |
| 3. | TRM/RAJASHOW /03/2083/084 | मगरडाँडा नाका (मगरडाँडा देखि सुकौरा सम्म) त्रिपुरासुन्दरी गा.पा.- ०६ र ०७,<br>सुकौरा नाका, (सुकौरा देखि खहरे पुल सम्म) त्रिपुरासुन्दरी गा.पा.- ०७<br>टारीबेसी नाका त्रिपुरासुन्दरी गा.पा.- ०१, टारीबेसी | 22,73,226.48 | 9195.90 | |
| 4. | TRM/RAJASHOW /04/2083/084 | लापांग नाका, (खहरे पुल माथि देखि हाइड्रो सम्म) त्रिपुरासुन्दरी गा.पा.-७<br>लापांग नाका, त्रिपुरासुन्दरी गा.पा.-७<br>लापांग खोला, त्रिपुरासुन्दरी गा.पा.-७, खहरे | 57,47,022.46 | 23,248.20 | |
| 5. | TRM/RAJASHOW /05/2083/084 | डाडागाउँ नाका त्रिपुरासुन्दरी गा.पा.- ०१ | 19,95,535.52 | 8072.46 | |

**नोट :** विस्तृत जानकारीको लागि यस कार्यालयको website: : **www.tripurasundarimundhading.gov.np** मा हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

फोन नं :०१०-५२१००७,०१०-५२१००८ इमेल: info@tripurasundarimundhading.gov.np, tripurasundaridhading@gmail.com
URL: www.tripurasundarimundhading.gov.np

"शिक्षा ,स्वास्थ्य ,कृषि जलस्रोत,पर्यटन र पूर्वाधार ; समुन्नत समाज त्रिपुरासुन्दरीको मूल आधार"